# आर्थिक बर्ष २०७९/०८०
# को बजेट वक्तव्य

**खार्पूनाथ गाँउपालिका**

**याङ्चुबजार,हुम्ला**

**२०७९, असार १० गते शुक्रवार**

गाँउसभाको बैठकमा २०७९ साल असार १० गते शुक्रवारका दिन गाँउपालिकाका उपाध्यक्ष श्री ज्ञानवहादुर सिंह ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७९/०८० को बजेट वक्तव्य

खार्पूनाथ गाँउपालिका
याङ्चुबगर, हुम्ला
२०७९, असार १०

सम्मानित अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

पत्रकार साथीहरु,

सर्वप्रथम यस खार्पूनाथ गाँउपालिकाको छैटौं गाउसभा तथा बजेट अधिवेशन तथा गाँउ सभा बैठकको अवसरमा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु । खार्पूनाथ गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,बालमैत्रीस्थानीय शासन, वातावरणमैत्रीस्थानीय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,स्थानीय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७९।०८० को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका को गहनाको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

**गाउपालिका अध्यक्ष ज्यू सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्य:-**

आ.ब.२०७९।०८०को यस खार्पूनाथ गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई विकासको बाटोमा अघि बढाउनु रहेको छ ।

यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक,पुर्वाधार  शिक्षा स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- खार्पूनाथ गाँउपालिकालाई २ बर्षभित्र आवश्यक पूर्वाधारहरुको विकास गरिने छ ।
- सुन्दर र समृद्ध र पर्यटकिय गन्तव्य युक्त गाँउपालिकाको रुपमा विकास गर्न  विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषिमा सुधार कार्यक्रमहरु संचालन गरिनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ।
- खार्पूनाथ गाँउपालिका भित्र साना लघु जलविद्युत आयोजनाहरुको संभाव्यता गराई संघीय सरकार प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि अनुरोध गरिनेछ ।
- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्वन गर्दै बालमैत्री अपाङ्गमैत्री लैङगिक मैत्री गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।
- आन्तरिक आयलाई वृद्बि गर्न करको दायरा विस्तार गरी समुचित करको दर लगाउने नीति अपनाइने छ।
- गरिव असहाय र भौगोलिक हिसावले  माध्यमिक तह साधारण र प्राविधिक था ब्यवसायिक शिक्षको पहँचमा पुग्न नसकेका वालवालिकाका लागि अवासिय सुविधा सहितको छात्रवास संचालन गरिने छ ।
- **एकल महिलाका बालबालिका तथा दलित बालबालिकाका लागि उच्च शिक्षा छात्रवृति कोष स्थापना गरिने छ ।**

**खार्पुनाथ गाँउपालिका भित्र सुचना सन्चारको पँहुच भन्दा बाहिर रहेका बस्तिका लागि 4G सहितको नेपाल टेलिकमको टावर आगामी २ बर्ष भित्र स्थापना गर्न पहल गरिने छ।**

- **युवा स्वरोजगारका लागि रोजगार बैक स्थापना गर्दै एकिकृत रोजगार कार्यक्रम लागु गरी आगामी ३ वर्ष भित्र २०० जना लाइ रोजगार सुनिश्चिता गरिने छ।**
- **लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग अध्ययनरत युवाहरुलाइ प्रोत्साहान कार्यक्रम ल्याइनेछ।**
- **एक वडा एक नमुना वालविकास केन्द्रको अवधारणालाइ मुर्तरुप दिदै क्रमश सबै वालविकास केन्द्रलाइ वालवालिकामैत्रि र सुविधा सम्पन्न वनाइदै लगिने छ।**

**आ.व.२०७९।०८०को लागि श्रोत साधनहरुको अनुमान,तिनका माध्यमहरु र संकलनका रणनितिहरु**

खार्पूनाथ गाँउपालिकाले अर्थ मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरिएको छ।

यसैगरी अब म आ.व २०७९/०८० को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।

**१.आर्थिक विकास**

<u>कृषि</u>

- खार्पूनाथ गाँउपालिकाको प्रख्यात फलफुल स्याउ ओखर नासपाति तथा रैथानेवाली र नगदे वाली कागुनो मार्स्या कोदो चिनो फापर सिमि भटमास आलु लगायतका फलफुल तथा तरकारी औषधिजन्य जडिबुटीहरुको उत्पादन बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै उन्नत जातका बाख्रा भेडा पालन मौरीपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।
- कृषीमा आत्मा निर्भर बनाउन बार्षिक रुपमा अध्यक्ष उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम लागु गरिने छ।
- एक घर एक उत्पादन कार्यक्रमलाइ प्रश्रय दिइने छ र लसुन प्याज काउली लगायतका तरकारी उत्पादनमा जोड दिइ वेमौसमी तरकारीलाइ आयआर्जन संग जोडिने छ।

खार्पुनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खार्पुनाथ ५, याङ्चुबजार, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

उद्योग तथा वाणिज्य

- स्थानीय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानीय उत्पादन प्रयोगमा जोड दिइनेछ ।
- स्थानीय स्तरमा रहेका लघु उद्यमीहरूलाइ वित्तीय पहुँचको लागि आवश्यक पहल गरिनेछ ।
- घरेलु उद्धम शिलता को विकास गर्न लिउ फेरुवा र राडी पाखी तथा अल्लो प्रोसोधन तथा बुनाइ कार्यक्रम लाइ विशेष प्रोत्साहन गरिने छ ।

पर्यटन

- गाँउपालिकाका सम्भाव्यपर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय गन्तव्यको रुपमा रहेको खार्पूनाथ शिवालय, र दुधेदह, भिमदुला मालिका लाइ पर्यटकीय पूर्वाधार विकास आयोजना मार्फतपर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

**२.सामाजिक विकास**

**शिक्षा**

- खार्पूनाथ गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।
- गाँउपालिकाका **एकल महिलाका बालबालिका तथा दलित बालबालिकाका** र अतिविपन्न छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृतिकोष स्थापना गरिनेछ ।
- गरिव असहाय र भौगोलिक हिसावले माध्यमिक तह साधारण र प्राविधिक तथा ब्यवसायिक शिक्षको पहँचमा पुग्न नसकेका वालवालिकाका लागि अवासिय सुविधा सहितको छात्रवास संचालन गरिने छ ।
- सामुदायिक विद्यालय सुधार कार्यक्रम मार्फत कक्षाकोठा व्यवस्थापन निशुल्क स्यानिटरी प्याट पिउने पानीको प्रबन्ध मिलाइने छ ।

खार्पूनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खार्पूनाथ ५, याङचुबजार, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## स्वास्थ्य

- सबैलाई स्वास्थ्य कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ । गाँउपालिकाभित्र रहेका स्वास्थ्य चौकी हरु सुचारु रुपले संचालन गर्न व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिइनेछ ।
- अहिले वर्तमान परिवेशमा विपद जन्य महामारीलाई लक्षित गरी सोही अनुसारको कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- खार्पूनाथ सामुदायिक अस्पतालको लागि आवश्यक पूर्वाधार निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ । सेवा विस्तारमा जोड दिइनेछ ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिई पूर्ण स्वास्थ्य बीमित गाँउपालिका घोषणा गरिनेछ ।
- स्वास्थ्य संस्थाको पहँच भन्दा बाहिर रहेका वस्तिहररुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिने छ ।
- संघ र प्रदेश संग समन्वय गरी माध्यमिक विद्यालयमा स्वास्थ्य कर्मीको ब्यवस्थापनमा विशेष पहल गरिने छ ।

## खानेपानी तथा सरसफाई

- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ ।
- गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, बिस्लेषण तथा योजनानिर्माणका लागि NWASH योजनानिर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजनानिर्माण गरिने छ ।
- नेपाल सरकारको आगामीतीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधाउपलव्ध गराउने तथादिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्रकुल जनसंख्याको ८० प्रतिशतलाई स्वच्छ खानेपानी सुविधाउपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइतथा स्वच्छता क्षेत्रको योजनातर्जुमा, बिद्यमानखानेपानी योजनाहरुको सञ्चालनतथामर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधापुग्ननसकेको क्षेत्रको पहिचान गरी समतामूलकतथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मकएवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदानगर्न गाउँपालिका स्तरमाखानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापनबोर्ड स्थापना गरी सो मातहतवास युनिट मार्फत नयाँ योजनानिर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाहगर्ने व्यवस्था मिलाइनेछ ।
- सरसफाइ अन्तर्गत यस गाँउपालिका भित्रका सम्पुर्ण वस्तीमा शौचालय सुरधार कार्यक्रमका लागि विभिन्न निकायमा विशेष पहल गरिने छ ।

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खार्पुनाथ ५, बाङ्लुबजार, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

**सस्कृति प्रवर्द्धन**

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहर संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- स्थानिय चाडपर्वलाइ विशेष मेला अवसरका रुपमा प्रवर्धन गर्न विशेष पहल गरिनेछ ।

**लैङ्गिक समानता एंव समाजिक समावेशीकरण**

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका वर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।
- मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरीतीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- महिला बालबालिका दलित अपाङ्ग जेष्ठ नागरिक असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ ।
- खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद विकासमा विशेष जोड दिइने छ ।
- प्रत्येक २ महिनाको बुधवार जनता संग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

**३.पूर्वाधार विकास**

**सडक तथा पुल**

खार्पूनाथगाउँपालिकाको पाँच वर्षे आवधिक योजनानिर्माण भइकार्यान्वयन चरणमा रहेको र अन्य क्षेत्रगतगुरुयोजनाहरु एवं नीतिहरुआवश्यकताअनुसार तयार गरिनेछ ।

.गाउँपालिका क्षेत्रभित्रका सडकहरु व्यवस्थित मोटरेवल पुल बनाउन गर्न गाउँ यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी सरोकार वाला निकायमा विशेष पहल गरी कार्यान्वयन गरिने छ ।

खार्पूनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खार्पूनाथ ५, थाइलबजार, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

## भवन तथा सहरी विकास

- निर्मित वडा कार्यालयहरु लाइ सुविधा युक्त वनाइने ५ स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गरी आगामी २ वर्ष भित्र सुरक्षित आवास पुरा गरिनेछ।
- गाँउपालिकाभित्रका सार्वजनिक सेवाप्रदायक सँस्थाको भवनतथा संरचनालाई
- व्यवस्थितगरिनेछ ।
- ५ बर्ष भित्र खार्पुनाथ गाँउपालिकाको प्रशासकिय भवन तथा ५ शैयाको अस्पताल निर्माण गर्न विषेश जोड दिइने छ ।

## उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ
- संचार
- **खार्पुनाथ गाँउपालिका भित्र सुचना सन्चारको पँहुच भन्दा बाहिर रहेका बस्तिका लागि 4G सहितको नेपाल टेलिकमको टावर आगामी २ बर्ष भित्र स्थापना गर्न पहल गरिने छ।**
- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ।
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ।

## ४.वातावरण तथा विपद व्यवस्थापन

## वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन

- भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ।
- जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्वन गरिनेछ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ।
- हरियो खार्पूनाथ गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ।
- पानीका मुहान तालतलैया तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ।

**५.संस्थागत विकास तथा सेवा प्रवाह**

**<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>**

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ।
- स्थानीय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ।
- जनप्रतिनिधि तथा कर्मचीहरुको क्षमता विकासका लागि विभिन्न परियोजना कार्य र जिम्मेवारी दिइने छ।

**<u>संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली</u>**

- गाँउपालिकाभित्र अपाङ्ग असहाय बालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ।

**<u>सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग</u>**

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ।
- प्रत्येक महिनाको १ पटक वडामा व्यक्तीगत घटना दर्ता कार्यक्रम संचालन गरिने छ।

**६.वित्तिय व्यवस्थापन र सुशासन**

<u>राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ति तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ।
- हालसम्म बक्यौदा रहेको मालपोत शुल्क बैंक मार्फत अनिवार्य असुल गरिने छ।

<u>लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई</u>

<u>सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छौट र सुचना तथा संचार व्यवस्थापन</u>

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ।
- बेरुजु र बेरुजु फर्छौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ।

कार्पुनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कार्पुनाथ ५, ग्याङ्दबजार, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

माननिय अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,
अब म आ.व.२०७९।०८० को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु।

आ.व. २०७९।०८० को लागि खार्पूनाथ गाँउपालिकाको कुल प्रस्तावित बजेट रु.३६,८८६४४५०(अक्षेरूपी छत्तीस करोड अठासी लाख चौसठ्ठी हजार चार सय पचास) रुपैया हुन आएको छ।

| श्रोत | रकम रु. अंकमा | रकम रु. अक्षरमा |
|---|---|---|
| अल्या | ० | ० |
| नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदान | १६४६०००० | ( सोह्र करोड छयालिस लाख लाख मात्र) |
| नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | ७३२००००० | सात करोड बत्तिस लाख मात्र |
| नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान | ६०००००० | साठीलाख मात्र |
| नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाड | ६८८२३००० | छ करोड अठासी लाख तेइस हजार मात्र |
| कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान | ३१५४०००० | (तिन करोड पन्द्र लाख चालिस हजार मात्र |
| कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तय सामनिकरण अनुदान | ६४१४००० | ( चौसठ्ठी लाख चौध हजार मात्र ) |
| प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान | ६०००००० | (साठी लाख मात्र) |
| प्रदेश सरकारबाट प्राप्त हुने समपुरक | १०००००००० | एक करोड मात्र |
| प्रदेश सरकारबाट प्राप्त हुने राज्स्व बाँडफाड | २८७४५० | दुइलाख सात हजार चार सय पचास मात्र |
| आन्तरिक श्रोत | २०,००,०००।०० | ( बीस लाख मात्र ) |
| जम्मा | ३६,८८६४४५० | (अक्षेरूपी छत्तीस करोड अठासी लाख चौसठ्ठी हजार चार सय पचास) |

| सि.न | विषयगत क्षेत्र | अंकमा | अक्षरमा |
|---|---|---|---|
| १ | आर्थिक विकास | १४३००००० | एक करोड त्रिचालिस लाख मात्र |
| २ | सामाजिक विकास | १६,३१,६०००० | सोह्र करोड एकतिस लाख साठी मात्र |

| | | | |
|---|---|---|---|
| ३ | पूर्वाधार विकास | १२०७१८००० | बाह्र करोड सात लाख आठ हजार मात्र |
| ४ | वन तथा वातावरण | १२७०००००० | एककरोड सत्ताइस लाख |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५७९८६४५० | पाँच करोड उनाअसी लाख छ हजार चारसय पचास मात्र) |
| | सवै क्षेत्रको कुल जम्मा | ३६,८८६४४५० | (अक्षेरूपी छत्तीस करोड अठासी लाख चौसट्ठी हजार चार सय पचास) |
| चालू खर्चमा विनियोजित रकम रू. | | १७,८५१४४५० | सत्र करोड पचासीस लाख चौध हजार चार सय पचास मात्र |
| पूजिगत खर्चमा विनियोजित रकम रू. | | १९०३५०००० | उन्नाइस करोड तिन लाख पचास हजार मात्र |

विनियोजन ऐनको अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सम्पूर्ण | खार्पूनाथ गाँउपालिका | १७,८५१४४५० | १९०३५०००० | ०।०० | ३६,८८६४४५० |

अब म गत आ.व. २०७७।७८ मा यस गाँउपालिकाबाट भएको आम्दानी तथा बजेट खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

| सि.नं. | आम्दानि तथा खर्चको शीर्षक | बार्षिक स्वीकृत बजेट रकम रू. | २०७८ असार मसान्त सम्मको निकासा | २०७८ जेठ मसान्त सम्मको खर्च | २०७८ असार मसान्त सम्मको बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गत आवको मौज्दात | ४२२०५१९४९।५१ | ३५४४७९०६५।५० | ३५४४७९०६५।५० | ६७५७२८८४।१ | |
| २ | संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान र राजश्वको विवरण | ४२२०५१९४९।५१ | ३५४४७९०६५।५० | ३५४४७९०६५।५० | ६७५७२८८४।१ | |
| ३ | आन्तरिक राजश्व | १७०००००० | १७०००००० | १७०००००० | ० | |
| | जम्मा | ४२२०५१९४९।५१ | ३५४४७९०६५।५० | ३५४४७९०६५।५० | ६७५७२८८४।१ | |

कापूनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कापूनाथ ५, याङ्चुबजार, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

अब म चालू आ.व. २०७८।०७९ मा यस गाँउपालिकाबाट भएको आम्दानी तथा बजेट खर्चको संशोधित अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छु ।

| सि.नं. | आम्दानि | बार्षिक स्वीकृत बजेट | २०७९ जेठ मसान्त | २०७९ जेठ मसान्त | २०७९असार | कै |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा खर्चको शीर्षक | रकम रू. ४३१८८८५२०।५८ | सम्मको निकासा २११२३६२८१।०२ | सम्मको खर्च २११२३६२८१।०२ | मसान्त सम्मको बाँकी २२०६५२२३९।५६ | फियत |
| १ | गत आवको मौज्दात | २५६७१५२०।५८ | २५६७१५२०।५८ | १४६७४१६७ | १२९९७३५३।५८ | |
| २ | संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान र राजश्वको विवरण | ४३१८८८५२०।५८ | २११२३६२८१।०२ | २११२३६२८१।०२ | २२०६५२२३९।५६ | |
| ३ | आन्तरिक राजश्व | २०००००० | | | २०००००० | |
| | जम्मा | ४३१८८८५२०।५८ | २११२३६२८१।०२ | २११२३६२८१।०२ | २२०६५२२३९।५६ | |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार,प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी  सम्पूर्ण खार्पूनाथ वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस खार्पूनाथ गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने खार्पूनाथ गाँउपालिकाका नागरिक कर प्रदायकहरु खार्पूनाथ गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धैरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान  गर्नपनि नसकिएला तर बर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी खार्पूनाथ वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि खार्पूनाथ गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ। आशावादी बनौं।

धन्यवाद।

पेश गर्नेः

ज्ञानवहादुर सिंह

गाँउपालिका उपाध्यक्ष

खार्पूनाथ गाँउपालिका, हुम्ला